बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: १६०

मिति : २०८१/०५/२१

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८१/०५/२३ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको १२:०० बजे

(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको दीगो आधार

**मिति २०८१/०५/२३ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. इन्जिनियरको नियुक्ति सम्बन्धमा ।

२. कानून व्यवसायी मुकरर सम्बन्धमा ।

३. वारेश मुकरर गर्ने सम्बन्धमा ।

४. कानूनी खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

५. जिल्ला दररेट स्वीकृत गरी लागू गर्ने सम्बन्धमा ।

६. विविध विषयका सम्बन्धमा ।

CamScanner

आज मिति २०८१/०५/२३ गतेका दिन बौदीकाली गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | [signature] | श्री डिल कुमारी के.सी. सारु मगर | कार्यवाहक अध्यक्ष/उपाध्यक्ष |
| ३ | [signature] | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | [signature] | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | [signature] | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | [signature] | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | [signature] | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | [signature] | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | [signature] | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | [signature] | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | [signature] | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | [signature] | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

मुख्य उपस्थिति :

१५. बुद्धि प्रसाद ढुंगेल ले.अ. [signature]

१६. [illegible] रु.प्र.अ. [signature]

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०५/२३ गतेको आ.व. २०८१/०८२ को दोस्रो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा (अन्तर्वार्ता तथा सिफारिस शाखा) को प.सं. ०८१/०८२ च.नं. १३० मिति २०८१/०५/११ गतेको उम्मेदवार सिफारिस सम्बन्धी पत्र अनुसार यस कार्यालयमा स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, इन्जिनियर, सातौं तहमा सिफारिस भई आउनुभएका पवन कुमार कार्कीलाई नियुक्ति दिने भनी निर्णय गरियो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बौदीकाली गाउँपालिका कार्यालय समेत जना पाँच (५) उपर रीट निवेदक अमूल बस्नेतले उच्च अदालत पोखरामा ०८०-WO-०१८९ को उत्प्रेषण युक्त परमादेश रीट (मुद्दा) दायर गरि उक्त अदालतबाट यस गाउँपालिका समेत उपर जारी गरिएको १५ दिने म्याद मिति २०८१/०५/१३ मा तामेल भएकोमा सो मितिले म्यादै भित्र सम्मानित उच्च अदालत पोखरामा लिखित जवाफ मस्यौदा गरी लिखित जवाफ दर्ता गर्न, वहस पैरवी गर्न, मुद्दाको प्रतिरक्षा गर्न अधिवक्ता गिरधारी सुवेदी (प्र.प.सं.५९००) लाई प्रत्यर्थी जना ५ का तर्फबाट कानुन व्यवसायीको रुपमा मुकरर गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा रीट निवेदक अमूल बस्नेतले दायर गरेको रीट नं. ०८०-WO-०१८९ को उत्प्रेषण युक्त परमादेश मुद्दामा बौदीकाली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.)...१, गाउँपालिका राजस्व शाखा बौदीकाली गाउँपालिकाको तर्फबाट वारेश मुकरर गर्ने अख्तियारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो । त्यसैगरी गाउँपालिका अध्यक्ष, बौदीकाली गाउँपालिका, उक्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्वल बहादुर बस्नेत तथा बौदीकाली गाउँपालिकाका लेखापाल लालचन गैह्रेका तर्फबाट उच्च अदालत पोखरामा उपस्थित भै लिखित जवाफ दर्ता गरी तारेखमा रही उक्त मुद्दाको पुर्पक्ष गर्न विनोद पौडेललाई वारेश मुकरर गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०५/२३ गतेको आ.व. २०८१/०८२ को दोस्रो बैठकका निर्णयहरु :

**निर्णय नं.४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा रीट निवेदक अमूल बस्नेतले दायर गरेको रीट नं. ०८०-WO-०१८९ को मुद्दाको कानुनी खर्च "सेवा परामर्श" शिर्षकबाट सम्झौता बमोजिम विल भरपाईका आधारमा रकम भुक्तानी गर्ने निर्णय गरियो .।

**निर्णय नं.५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८० असार २७ गते जिल्ला नवलपरासी (ब.सु.पू.) का प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखेलज्यूको अध्यक्षता र अन्य पदाधिकारीहरुको उपस्थितिमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ (१) बमोजिम गठित जिल्ला दररेट समितिको बैठकले पारित गेरको आ.व. २०८१/०८२ को लागि जिल्ला दररेट स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिलका विविध विषयमा छलफल गरियो ।

- कर्मचारी मिलन केन्द्रको च.नं. ९ मिति २०८१/०५/१९ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो शिविरलाई सफलतापुर्वक सम्पन्न गर्न प्रचार प्रसार गर्ने र शिविर संचालन हुने दिन स्वास्थ्य परीक्षणका लागि सेवाग्राहीलाई डेढगाउँसम्म ल्याउन सहजीकरण गर्ने निर्णय गरियो ।
- नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं (स्थानीय तह समन्वय शाखा) को प.सं. २०८१/०८२ च.नं. २० मिति २०८१/०४/१६ गतेको एक गा.वि.स. एक कृषि तथा पशु सेवा प्राविधिकको सेवा निरन्तरता सम्बन्धी पत्रको व्यहोरा अवगत भई कार्यान्वयन गर्ने निर्णय गरियो ।
- नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं (विकास सहायता समन्वय शाखा) को प.सं. २०८१/०८२ च.नं. ७४ मिति २०८१/०५/२१ गतेको स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्बन्धी पत्रको व्यहोरा अवगत भई कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner